ध्यानाकर्षण सम्बन्धमा ।

नेपालको मधेश प्रदेश अन्तर्गत पर्ने मिथिला क्षेत्रमा मैथिलि पौराणिक संस्कृति अनुसार विषेश गरि माता सिताको जन्मभुमि जनकपुरधाम सहित नजिकको क्षेत्रमा महिलाहरुले वर्षेनी श्रावण मधुश्रावणी वर्ष मनाउने गरेको सर्वविहित नै छ ।

धार्मिक एंव संस्कृतिक रुपमा विषेश महत्व रकेको श्रावण मधुश्रावणी उत्सव श्रावण महिना भरी महिला (आमा, दिदि,बहिनी) हरुले बडो धुमधाम साथ हरियो पहिरनमा सजिई नाचगान गरी उत्सवको रुपमा मनाईने सभ्यता रहेको तर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

यसै क्रममा लक्ष्मीनियाँ गाउँपालिका अन्तर्गत कार्यरत महिला कर्मचारीहरुले आयोजना गरेको सो उल्लासपुर्ण एंव उत्साह पुर्ण कार्यक्रमलाई नकारत्मक रुपमा विशलेषण सहित जनकपुर संचार नामक विधुतिय संचार माध्यम मार्फत महिला कर्मचारीहरुको इज्जत र प्रतिष्ठामा प्रतिकुल असर पर्ने वदनियतयुक्त शब्दावलीहरु प्रस्तुत गर्दै नाचगानमा बजेको गित संगितलाई महिलाको मान प्रतिष्ठा होच्याउने किसिमले जानी जानी " आजाना छुले मेरी चुनरी सनम" भनि सम्वोधन गर्दै सामाचार सम्प्रेषन गरिएको प्रति लक्ष्मीनियाँ गाउँपालिकामा कार्यरत कर्मचारी लगायत महिला संजाल समेतको गम्भीर ध्यानाकर्षण भएको छ ।

यस्ता अतिरन्जीत अभिव्यक्ती सहितको वाक्यांश सम्प्रेषण नगर्न गर्न न लगाउन अनुरोध गर्दै उल्लेखित संचार माध्यमका उक्त गैर जिम्मेवार कार्य प्रति खेद समेत प्रकट गर्दछौ ।धन्यवाद ।

सम्पूर्ण महिला कर्मचारी परिवार
लक्ष्मीनियाँ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
लक्ष्मीनियाँ बजार, धनुषा ।